# क्षीरेश्वरनाथ नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

महेन्द्रनगर, धनुषा

मधेश प्रदेश, नेपाल

प.सं.: २०७९।०८०

च.नं.:

**वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिको पुनःएकीकरण (रेमी) परियोजनाका लागि आवश्यक जनशक्तिहरु करारमा पदपूर्ति गर्ने सम्बन्धमा सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८०।०२।२३)

बैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिको पुनःएकीकरण (रेमी) परियोजना नेपाल सरकार र स्वीस सरकार वीचको द्विपक्षीय सम्झौता अन्तर्गत सञ्चालित छ । यस रेमी परियोजना अन्तर्गत क्षीरेश्वरनाथ नगरपालिकामा वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको सामाजिक र आर्थिक पुनःएकीकरण सम्बन्धि क्रियाकलापहरु संचालन गर्नका लागि निम्नानुसारको जनशक्तिको आवश्यकता परेको हुनाले योग्य अनुभवी नेपाली नागरिकहरुबाट तल उल्लेखित पदका लागि १५ (पन्ध्र) दिनभित्र माग बमोजिमका विवरण अनुसारको निवेदन यस कार्यालयमा पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

| क्र. सं. | पद | तह | संख्या | योग्यता |
|---|---|---|---|---|
| १ | परिवार परामर्शकर्ता | छैठौं तह | १ (एक) | -मान्यताप्राप्त शैक्षिक संस्थाबाट मनोविज्ञान,. समाजशास्त्र,, सोसियल वर्क, पब्लिक हेल्थ, , बि.एड. स्वास्थ्य शिक्षामा स्नातक तह उत्तिर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ वा हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स उत्तीर्ण गरी मनोसामाजिक परामर्श सम्बन्धी कम्तिमा ६ महिनाको तालिम प्राप्त गरेको।<br>-सम्बन्धित विषयमा कार्य अनुभव भएको,, स्थानीय भाषामा दखल भएको र स्थानीय वासिन्दालाई प्राथमिकता हुनेछ। |
| २ | रोजगार परामर्शकर्ता | छैठौं तह | १ (एक) | - मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक तह उत्तिर्ण गरी व्यावसायिक परामर्श कार्य वा उद्यम विकास सहजकर्ता लेभल २ वा सो भन्दा माथिल्लो लेभल पुरा गरेको र रोजगार प्रवर्द्धनको क्षेत्रमा कम्तिमा पनि १ वर्ष कार्य गरेको।<br>- वैदेशिक रोजगारीबाट फर्केको, स्थानीय भाषामा दखल भएको र स्थानीय वासिन्दालाई प्राथमिकता। |
| ३ | समाजिक परिचालक | पाँचौ तह | २ (दुई) (१ जना महिला अनिवार्य) | -मान्यता प्राप्त शैक्षिक संस्थाबाट १०+२ उत्तिर्ण गरी वैदेशिक रोजगारीबाट फर्केको।<br>-स्थानीय भाषामा दखल भएको र स्थानीय वासिन्दालाई प्राथमिकता। |

(१) **कार्य अवधि** : हाललाई आ. व. २०७९/०८० को मसान्त सम्म, परियोजनाको आवश्यकता तथा कार्य सम्पादन अनुसार नविकरण हुन सक्ने छ ।

(२) **परीक्षाको किसिम** : लिखित, अन्तर्वार्ता । (छनौट परिक्षामा सुरक्षित वैदेशिक रोजगारी तथा सामाजिक तथा आर्थिक पुनःएकीकरण लगायतका विषयवस्तुहरु समावेश हुनेछन्) ।

P.T.O.

प्रमुख प्रशासकीय अधिकृत

# क्षीरेश्वरनाथ नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
महोत्तरी, धनुषा
मधेश प्रदेश, नेपाल


प.सं.: २०७९।०८०
च.नं.:

(३) **आवश्यक कगजातहरु र दरखास्त दिने स्थान** : माथि उल्लेखित योग्यता पुगेका इच्छुक नागरिकहरुले नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि, कम्तिमा पनि २ जना सन्दर्भ व्यक्तिको नाम र सम्पर्क फोन नम्बर सहितको व्यक्तिगत विवरण तथा शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि, पासपोर्ट साईजको तीन प्रति फोटो, परिवार परामर्शकर्ताको हकमा छ महिनाको तालिम प्रमाणपत्र, रोजगार परामर्शकर्ताको हकमा उद्यम विकास सहजकर्ता लेभल २ उतिर्ण गरेको प्रमाणको साथमा आफुले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाई निवेदन सहित क्षीरेश्वरनाथ नगरपालिकाको कार्यालयमा कार्यालयको समय भित्र पेश गर्नु पर्नेछ । तोकिएको समय भन्दा पछी आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन ।

(४) **उमेर हदः**

**-परिवार परामर्शकर्ता र रोजगार परामर्शकर्ताको हकमा** :- दरखास्त दिने अन्तिम मिति सम्मा २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा २१ वर्षा पुरा भई ४० वर्ष ननाघेको हुन पर्ने ।

**- समाजिक परिचालकको हकमा** :- दरखास्त दिने अन्तिम मिति सम्ममा१८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुन पर्ने ।

(५) **परीक्षा दस्तुर**

**-परिवार परामर्शकर्ता र रोजगार परामर्शकर्ताको हकमा** :- १०००/- (एक हजार मात्र) ।

**- समाजिक परिचालकको हकमा** :- ५००/- (पाँच सय मात्र)

(परीक्षा वापतको दस्तुर यस नगरपालिकाको प्रशासन शाखाबाट आवश्यक कागजात रुजु गराए पश्चात यस नगरपालिकाको राजश्व शाखाबाट दस्तुर बुझाउनु पर्ने छ ।)

(६) **छनौट प्रक्रिया** : प्रारम्भिक छनौटमा परेका उम्मेदवारहरुलाई मात्र लिखित र अन्तर्वार्ता परिक्षामा समावेश गरिनेछ । अवसरबाट वन्चितिकरणमा परेका समुदायहरु खासगरी, महिला, दलित, जनजाती, मधेशी तथा अल्पसंख्यक वर्गका उम्मेदवारहरुको समवेशिकरणका लागि सकारात्मक विभेदको प्रक्रिया अवलम्वन गरिनेछ ।

(७) **दरखास्त दिने अन्तिम मिति**: २०८०।०३।०५ गतेका दिन कार्यालय समय भित्र बुझाउन सकिने छ । आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट निवेदन बुझाउन सकिनेछ ।

(८) **दरखास्त फारम पाउने स्थानः** क्षीरेश्वरनाथ नगरपालिकाको प्रशासन शाखा ।

(९) **तलब तथा अन्य सुविधा** : परियोजनाको नियम अनुसार हुनेछ ।

शिवेन्द्र कुमार मण्डल
प्रमुख प्रशासकीय अधिकृत